6

# शिक्षण संस्था र स्वास्थ्य व्यवसायीहरूको नाम दर्ता प्रक्रीया

# Registration process of Institutions and Health Professionals

## शिक्षण संस्था/कार्यक्रम संचालनको सहमती/मान्यता संवन्धि व्यवस्था

१. कुनै पनि शिक्षण संस्थाले शैक्षिक कार्यक्रम संचालन पूर्व निम्न अनुसारका कागजात सहितको यस परिषदबाट वितरण गरिने दरखास्त फाराम अनुसुचि १ अनुसार भरी पेश गर्नु पर्दछ ।

क. शिक्षण संस्था दर्ता संबन्धि कागजात

ख. शिक्षण संस्थाको विनियमावली/ प्रवन्ध पत्र

ग. विश्वविद्यालय/प्रा.शि.तथा व्या.ता.प./प्रतिष्ठानले कार्यक्रम संचालन सम्बन्धनको लागि शिक्षण संस्थालाई दिएको आसय पत्र

घ. स्नातक वा सो भन्दा माथिका शैक्षिक कार्यक्रम संचालन गर्ने भएमा शिक्षा मन्त्रालयबाट प्रदान गरिने आसय पत्र

ङ न्यूनतम पूर्वाधार Minimum Requirements मा उल्लेख भएको पूर्वाधारलाई पुष्ट्याई गर्ने निम्न कागजातहरु

अ. शिक्षक/प्रशिक्षकसंग भएको करारनामा / Consent / नियूक्ति पत्र (शैक्षिक योग्यता, अनुभव, Bio-Data, नाम दर्ता प्रमाण पत्र सहित)

आ. आवश्यक विभिन्न प्रयोगशाला कोठाको क्षेत्रफल, फर्निचर र सरसामान, रसायन, मेशिन उपकरण संबन्धि विवरण

इ. पुस्तकालय कोठाको क्षेत्रफल, फर्निचर, विषयगत पुस्तक, संदर्भ पुस्तक, अखवार, जर्नल संवन्धि विवरण

ई. कम्प्यूटर, इन्टरनेट, इमेल संबन्धि विवरण

उ. प्रयोगात्मक अभ्यासको लागि उपयोग हुने अस्पताल, स्वास्थ्य संस्था संबन्धि विवरण र ती संस्थासंग भएको करार वा स्वीकृती पत्र ।

ऊ. घरको स्वामित्व संबन्धि कागजात (भाडा/लिजमा लिएको भए संभ्कौता पत्र समेत)

ए. शिक्षण संस्था संचालनको लागि आवश्यक हुने फर्निचर, औजार,

उपकरण, शैक्षिक सामग्री संबन्धि विवरण

ऐ. कक्षा कोठाको क्षेत्रफल, फर्निचर संबन्धि विवरण

ओ. Minimum Requirements मा उल्लेख भएको अन्य व्यवस्थालाई पुष्ट्याई गर्ने कागजात

औ. परिषदले तोकेको निरिक्षण मूल्याङ्कन एवं सहमती दस्तुर बापत प्रथम, द्वितीय, तृतीय तहमा दर्ता हुने प्रति कार्यक्रम का लागि क्रमश: रु.४०,०००।, रु.२५,०००। र रु.१५,०००। बैंक दाखिला गरेको सक्कलै बैंक भौचर

२. माथी उल्लेख भए अनुसारको आवेदन फाराम प्राप्त भएपछि परिषदले संबन्धित विषयको ज्ञाता सहितको निरिक्षण टोली शिक्षण संस्था निरिक्षणको लागि खटाउने छ । उक्त निरिक्षण टोलीलाई निरिक्षणमा सहयोग गर्नु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

३. निरिक्षण टोलीले शिक्षण संस्थाको निरिक्षण पश्चात परिषदमा प्रतिवेदन बुझाउने छ ।

४. प्राप्त हुन आएको प्रतिवेदनबाट शिक्षण संस्थाको शैक्षिक कार्यक्रम संचालन गर्न सहमती दिन उपयूक्त देखिएमा परिषदले भर्ना सहमती दिने छ । शैक्षिक कार्यक्रम संचालन गर्न उपयुक्त नभएको प्रतिवेदन प्राप्त हुन आएमा कारण सहित सहमती दिन नसकिएको जानकारी दिइने छ ।

५. सुझाव सहितको सहमती दिन सकिने प्रतिवेदन प्राप्त भएमा परिषदले सुधारको सुझाव सहित को सहमती प्रदान गर्न सक्नेछ । त्यसरी दिएको सुझाव कार्यान्वयन गर्नु शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

६. परिषदबाट सहमती नलिई शैक्षिक कार्यक्रम संचालन भएमा त्यस्ता कार्यक्रमबाट उतिर्ण व्यवसायीको नाम परिषदबाट दर्ता हुने छैन ।

७. संचालनमा रहि रहेका र दफा (६) र (७) अनुसार सहमती पाएका शिक्षण संस्थाले अनुसुची २ र ३ अनुसारको फाराम, परिषदले तोकेको निरिक्षण मूल्याङ्कन शूल्क सहित विद्यार्थी भर्ना भएको ३ महिना भित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

८. परिषदले शिक्षण संस्थाबाट संचालन भएको शैक्षिक कार्यक्रमको उपयूक्त समयमा नियमित निरिक्षण गर्ने छ ।

९. निरिक्षण टोलीलाई निरिक्षण कार्यमा सहयोग, निरिक्षण टोलीले दिएको सुझाव कार्यान्वयन गर्नु शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

१०. निरिक्षण क्रममा Minimum Requirements मा उल्लेख भएको व्यवस्था अनुसार कार्यक्रम संचालन भएको नपाइएको प्रतिवेदन प्राप्त हुन आएमा सम्बन्धन दिने, विश्वविद्यालय/ प्रा.शि.तथा व्या.ता.प./प्रतिष्ठान लाई शैक्षिक कार्यक्रम बन्द गर्न लेखि शिक्षण संस्थालाई सो को जानकारी गराइनेछ ।

११. उपरोक्त अनुसारको जानकारी गराइएका शिक्षण संस्थाले पून: निरिक्षणको लागि सुधारको प्रमाण र शुल्क सहित पुन: अनुरोध गरेमा परिषदबाट निरिक्षण गराई Minimum Requirements मा उल्लेख भएको व्यवस्था अनुसारको तयारी गरेको देखिएमा कार्यक्रम संचालनको निरन्तरताको सहमती दिन सक्नेछ ।

१२. शैक्षिक कार्यक्रम बन्द गर्न लेखि गएका शिक्षण संस्थामा अध्ययन गर्ने स्वास्थ्य व्यवसायीको नाम परिषदमा दर्ता हुने छैन ।

१३. परिषदबाट समय समयमा दिएको निर्देशन पालना गर्नु शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

१४. शिक्षण संस्थाको कार्यक्रम संचालन संबन्धि व्यवस्था उपरोक्त उल्लेख भए अनुसार हुनेछ र यसमा उल्लेख नभएका कुराहरु ने.स्वा.व्य.प.ऐन २०५३, ने.स्वा.व्य.प. नियमावली २०५६ र परिषदको निर्णय अनुसार हुनेछ ।

(नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ को दफा ९ (२) संग सम्बन्धीत)

# पूर्व निरिक्षण सम्बन्धी आवेदन फाराम शुल्क रू.२०० ।

श्री नेपाल स्वास्थ्य व्यवसायी परिषद
बाँसबारी, काठमाण्डौ ।

बिषय :– पूर्व निरीक्षण, मूल्यांकन गरी संचालन सहमती पाऊँ ।

उपरोक्त सम्बन्धमा मेरो / हाम्रो निम्न उल्लेखित शिक्षण संस्थाले निम्न उल्लेखित कार्यक्रम/कार्यक्रमहरु संचालन गर्न लागेकोले त्यस परिषदले शिक्षण संस्था संचालन गर्नका लागि तोकिएको पूर्वाधारहरु पुरा गरेको हुनाले त्यस परिषदबाट पूर्व निरिक्षण , मूल्यांकन गरी सहमती पाउँ भनी परिषदले तोकेको शुल्क रु. . . . . . .... . . . . . ... र शिक्षण संस्थाहरुको निम्न विवरण सहित आवेदन गरको छु /गरेका छौं ।

शिक्षण संस्थाको नाम : . . . . . . . . . . . . . . . . . . . . . . ....

ठेगाना : ..........................................

कार्यक्रमको नाम :

१.

२.

प्रस्तावित कार्यक्रम संचालन गर्ने शैक्षिक बर्ष : . . . . ..........

सम्बन्धन दिने निकाय :.. . . . . . . . . .. .... . . .. . .

नेपाल स्वास्थ्य व्यवसायी परिषदले मेरो / हाम्रो शिक्षण संस्था . .. . . . . . . . . . . . . . . . . . को पूर्व निरिक्षण, मूल्यांकन गर्दा तोकिएका पूर्वाधारहरु पुरा नगरेको र अन्य कारणले विद्यार्थी भर्ना सम्बन्धि सहमती नदिएमा मेरो / हाम्रो मन्जूरी छ ।

शिक्षण संस्थाको छाप

आवेदक

हस्ताक्षर :–. . . . . . . . . . . . . .. . . . . .

नाम :– . . . . .. .. .. .. . . . . . . .. . . . . .

दर्जा :– .. . . . . . . . . . .. .... . . .. . . .

द्रष्टव्य :

१. प्रत्येक कार्यक्रमको लागि तोकिए बमोजिमको छुट्टाछुट्टै निरिक्षण मुल्याङ्कन शुल्क विद्यार्थी भर्ना भएको तीन महिना भित्र बुझाउनु पर्ने छ ।

२. यस परिषदबाट प्रत्येक वर्ष संचालित कार्यक्रमको छुट्टा –छुट्टै निरिक्षण गरिने छ ।

(नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ को दफा २२ संग सम्बन्धीत)

# नेपाल स्वास्थ्य व्यवसायी परिषद

बाँसबारी, काठमाण्डौं

१. सम्बन्धन दिने विश्वविद्यालय/परिषद/प्रतिष्ठान :

२. संचालित कार्यक्रम :

३. शिक्षण संस्थाको नाम :

४. ठेगाना :

५. फोन/फ्याक्स नं. : इमेल/वेव साइड :

६. स्वीकृत मिति :

| क्र.सं. | कार्यक्रम | तह | शैक्षिक सत्र | स्वीकृत बिद्यार्थी भर्ना संख्या | हाल भर्ना भएका बिद्यार्थी संख्या | |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

७. बार्षिक विद्यार्थी शुल्क :

८. प्राध्यापक/ शिक्षक/प्रशिक्षकको विस्तृत विवरण :

| क्र. सं. | नाम | योग्यता | नियूक्ति मिति | परिषद दर्ता नं. | पढाउने बिषय |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

९. अन्य कर्मचारी :

| क्र.सं. | कर्मचारीको नाम | योग्यता | पद | बिभाग |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

१०. शैद्धान्तिक कक्षा कोठा संख्या :

(०.७५ बर्गमिटर प्रति विद्यार्थीको दरमा हुनु पर्ने, कोठाको लम्बाई चौडाई भन्दा दुईगुणा भन्दा बढि हुनु नहुने र कोठामा ठुट्टो खम्बा हुनु नहुने)

११. प्रयोगशाला/प्राक्टीकल कोठा संख्या :

(१.० बर्गमिटर प्रति विद्यार्थीको दरमा हुनु पर्ने)

(क) फार्मेसी

(ख) ल्याबोरेटोरी

(ग) कम्प्यूटर कोठा र कम्प्यूटर संख्या

(घ) एम.सि.एच / परिवार नियोजन

(ङ) डेमोन्ट्रेशन कोठा

(च) आकस्मिक उपचार कक्ष

(छ) प्रशासन कोठा संख्या :

(ज) लेखा कोठा संख्या :

(झ) पुस्तकालय कोठा संख्या :

(ञ) प्रिन्सीपल कोठा संख्या :

(ट) अतिरिक्त क्रियाकलाप :

(ठ) परीक्षा शाखा कोठा संख्या :

(ड) समिक्षालय कोठा संख्या :

१२. क्लिनिकल/सामुदायिक फिल्ड संचालन गर्ने स्वास्थ्य संस्थाहरु :

(क)

(ख)

(ग)

२०. प्रयोगात्मक अभ्यास/फिल्ड संचालन गर्न सहमति पत्र : छ/ छैन ।

छ भने स्वीकृत दिने निकाय : ................................................ मिति :.....................

स्वीकृती पाएका स्वास्थ्य संस्थाहरु :

२१. पुस्तकालय :

(क) पाठ्यपुस्तकको विवरण : (विवरण समावेश गर्नु पर्नेछ ) :-

(ख) सन्दर्भ सामग्री पुस्तक विवरण : (विवरण समावेश गर्नु पर्नेछ ) :-

२२. प्रयोगशाला उपकरणको विवरण : Annex अनुसार

२३. संचालक समिति वा संचालन बिधि :

२४. शिक्षण संस्थाको बिधान/ नियमावली :

२५. ............................कोर्षको पाठ्यक्रम : १ प्रति

विवरण पेश गर्ने

कार्यालयको छाप :

प्रमुखको नाम :-

सही :-

पद :-

# स्व–मूल्याङ्कन/अध्ययन प्रतिवेदन

## Self Study / Appraisal Report

यस परिषदबाट भर्ना सहमती पाई संचालनमा रहेका तथा मान्यता समेत पाएका शिक्षण संस्थाहरुले तपसिलमा उल्लेख भएका विवरण सहितको स्व–मूल्याङ्कन /अध्ययन प्रतिवेदन (Self Study / Appraisal Report) परिषद समक्ष प्रत्येक शैक्षिक वर्ष शुरु भएको तीन महिना भित्रमा बुझाउनु पर्नेछ । परिषदबाट निरिक्षणमा खटिने टोलीले थिनै कुराहरु समेतको आधारमा परिषदमा निरिक्षण प्रतिवेदन पेश गर्नेछन् ।

१. शिक्षण संस्थाको सामान्य विवरण

(क) शिक्षण संस्थाको नाम, ठेगाना
(ख) शिक्षण संस्थाको स्थापना मिति
(ग) सम्बन्धन दिने निकाय
(घ) सम्बन्धन दिएको मिति
(ङ) संस्थाको प्रकृती (सार्वजनिक/सहकारी/निजी/गैह्र सरकारी संस्था)

२. सहमती मान्यता अगाडीको निरिक्षण संबन्धि विवरण

(क) निरिक्षण मिति
(ख) मान्यता सहमती पाएको मिति
(ग) वैदेशिक मान्यता भएमा सो को विवरण

३. Vision/Mission/Goal/Objective संबन्धि विवरण

(क) राष्ट्रिय परिप्रेक्ष्यमा शिक्षाको प्रासंगिता (Relevance)
(ख) उतिर्ण विद्यार्थीको क्षमता (Competence capacity)
(ग) अन्य विषयमा भर्ना संबन्धि संभाव्यता
(घ) सामाजिक जिम्मेवारी तथा उत्तरदायित्व
(ङ) स्वास्थ्य प्रवर्धनको लागि सामूदायिक परिचालन

४. संचालनमा रहेका औपचारिक/अनौपचारिक कार्यक्रम संबन्धि विवरण

(क) कार्यक्रमहरुको नाम
(ख) वार्षिक कार्य तालिका
(ग) विषय समिति
(घ) विद्यार्थी कल्याण समिति
(ङ) अतिरिक्त कृयाकलाप समिति

५. विद्यार्थी भर्ना प्रकृया/संख्या

(क) वार्षिक विद्यार्थी भर्ना संख्या
(ख) छोडेको संख्या
(ग) विद्यार्थी भर्ना प्रकृया
(घ) विद्यार्थी हाजिरीको रेकर्ड राख्ने तरिका

(ङ) आन्तरिक र वाह्य परीक्षकको नामावली

६. शिक्षक/प्रशिक्षकको आवश्यकता, नियूक्ति र विकास

(क) मूल विषयको लागि शिक्षक विद्यार्थी अनुपात
(ख) पूर्णकालिन, आंशिक शिक्षक/प्रशिक्षक र उनीहरुको योग्यता, अनुभव
(ग) शिक्षक/प्रशिक्षक छनौट समिति र छनौट प्रकृया
(घ) शिक्षक/प्रशिक्षकको आवश्यकता परिपूर्ति संबन्धि नीति

| No | Name | Qualifi-cation | Exp(Yrs) | Post | Council Regd No | PT/FT | Subject | Attendance (Regular/ Irregular) | Consented /Appointment Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | | |
| 2 | | | | | | | | | |

७. भौतिक पूर्वाधार/शिप अध्ययन स्रोत (learning resources) र शैक्षिक पूर्वाधार

(क) भवन संख्या, किसिम र क्षेत्रफल सहितको नक्सा
(ख) कक्षा कोठा संख्या र क्षेत्रफल
(ग) सेमिनार/मिटिङ्ग कोठा र क्षेत्रफल
(घ) शिक्षक कोठा, क्षेत्रफल
(ङ) प्राचार्य कोठा, क्षेत्रफल
(च) प्रशासनिक कोठा, क्षेत्रफल
(छ) प्रयोगशाला कोठा, क्षेत्रफल
(ज) पुस्तकालय कोठा, क्षेत्रफल
(झ) पुस्तक, संदर्भ पुस्तक, अखवार, जर्नल, फ्याक्स/इन्टरनेट, फोटोकपी सम्बन्धी विवरण र क्षेत्रफल
(ञ) कार्यालय सामान सम्बन्धी विवरण
(ट) प्रयोगात्मक/सामुदायिक स्थलगत अभ्यास (Clinical/Community field practice (OJT) को व्यवस्था सम्बन्धी विवरण

८. निरिक्षण मूल्याङ्कन विधि

(क) बिद्यार्थी कार्य संपादन
(ख) शिक्षक कार्य संपादन
(ग) व्यवस्थापन कार्य संपादन

९. आर्थिक अवस्था/जग्गा सम्बन्धी विवरण

(क) वार्षिक लेखापरीक्षण प्रतिवेदन
(ख) शिक्षण संस्थाको आर्थिक अवस्था
(ग) कूल जमीन (आफ्नै/लिज/भाडा)
(घ) भविष्यमा जोडिने थप जमिन

१०. भविष्यको योजना

(क) जनशक्ति स्रोत विकास
(ख) आर्थिक स्रोत व्यवस्थापन/ विकास
(ग) भौतिक पूर्वाधार व्यवस्थापन/ विकास
(घ) शैक्षिक कार्यक्रम विस्तार

उपरोक्त उल्लेख गरिएका विवरण र सूचनाहरु साँचो ठिक छ भनी प्रमाणित गर्ने

शिक्षण संस्थाको तर्फबाट

नाम :............................

पदः............................

मिति :...........................

पूरा ठेगाना : ......................

शिक्षण संस्थाको छाप

## विद्यार्थी भर्ना संवन्धी परिषद्मा बुझाउनु पर्ने विवरण फारम

विद्यार्थी भर्ना भएको मितिले ३ महीना भित्र नियमित निरिक्षण मूल्याङ्कन एवं पुनरावलोकनका लागि सम्बन्धीत शिक्षण संस्थाले निम्न अनुसार भरी प्रति विद्यार्थी प्रति व्याच प्रथम, द्बितिय, तृतिय तहमा दर्ता हुने कार्यक्रमको क्रमशः रु.१०००।, रु.५००। र रु.२००। बैंक मा जम्मा गरेको सक्कलै भौचर परिषदमा बुझाउनु पर्ने छ ।

शिक्षण संस्थाको नाम :-........................................

ठेगाना :-..........................................................

| सि.नं. | विद्यार्थीको नाम | ठेगाना | रजिष्ट्रेसन नं. |
|---|---|---|---|
| | | | |
| | | | |

प्रिन्सिपल

यती हुदाँ हुँदै पनि सम्बन्धन दिने विश्वविद्यालय, परिषद, शैक्षिक कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुको अपेक्षित सहयोग नपाउँदा भर्ना सहमती दिने कार्य तथा शैक्षिक कार्यक्रमलाई मान्यता दिने कार्यमा यस परिषदले कठिनाईको सामना गर्नु परिरहेको छ । संचालनमा रहेको र नयाँ संचालन हुने शैक्षिक कार्यक्रममा गुणस्तरियता कायम गर्न सम्बन्धन दिने विश्वविद्यालय, परिषद, कार्यक्रम संचालन गर्ने शिक्षण संस्था, यस परिषद लगायत सम्बद्ध सबै पक्ष उत्तिकै जवाफदेही एवं कृयाशिल हुनुपर्ने कुरामा दुइमत नहोला ।

नेपालमा संचालनमा रहेका शिक्षण संस्थाहरुको सम्बन्धन दिने विश्वविद्यालय, परिषद, नाम दर्ता गर्ने संबन्धित व्यवसायी परिषद तथा समकक्षता प्रदान गर्ने निकायबाट समय–समयमा निरिक्षण मूल्याङ्कन गर्ने गरिएबाट गुणस्तर

अपबाद बाहेक सुनिश्चित हुन्छ तापनि विदेशमा अध्ययन गरी नाम दर्ताको लागि आउने व्यक्तिहरुको हकमा उनीहरु अध्ययन गरेको शिक्षण संस्थाहरु के कस्ता छन् जानकारी नहुने हुदाँ त्यस्ता व्यक्तिहरुको नाम दर्ता गर्न परिषदलाई कठिनाई महसुस भै रहेको छ । विदेशबाट अध्ययन गरेर नाम दर्ताको लागि आउने व्यक्तिसंग निजले अध्ययन गरेको विश्वविद्यालयको पाठ्यक्रम, अध्ययन गरेको शिक्षण संस्थाको प्रोस्पेक्टस उक्त विश्वविद्यालय सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोगबाट स्विकृती भए नभएको हेर्ने गरीएको छ भने on line, open, distance mode बाट अध्ययन गरेकाहरुको नाम दर्ता गर्ने गरीएको छैन । यती गर्दा गर्दै पनि परिषदबाट नाम दर्ता भएका कतिपय व्यवसायीको गुणस्तरको सम्बन्धमा कहिलेकाँही गुनासो सुन्नु पर्दा नाम दर्ता गर्नु पहिले नाम दर्ता गरीने व्यक्तिको गुणस्तर परिक्षण गर्ने व्यवस्था हुन सकेमा गुणस्तरमा सुनिश्चितता आउने थियो ।

## स्वास्थ्य व्यवसायीको नाम दर्ता प्रक्रिया

परिषदको स्थापना भएतापनि नियमावली जारी हुन केही समय लागेको कारण तथा श्रोत साधनको कमीको कारण परिषदको कृयाकलापमा केही ढिलाई हुन गई २०५६ सालको अन्त्य तिर आएर स्वास्थ्य व्यवसायीको नाम दर्ता हुन थालेको हो । नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन र नियमावलीले नाम दर्ता सम्बन्धी व्यवस्था गरेकोले सोही ऐन नियमको परिधि भित्र रही तपसिलमा उल्लेख भए अनुसारको प्रकृया कागजात र दस्तुर लिएर नाम दर्ता सम्बन्धी कार्य गर्ने गरीएको छ ।

### दर्खास्त संवन्धि व्यवस्था

१. कुनै पनि स्वास्थ्य व्यवसायीले आफ्नो नाम दर्ता गराउनको लागि परिषदबाट वितरण गरीने सक्कलै दरखास्त फाराम भरी निम्न अनुसारका कागजात सहितको आवेदन दिनु पर्नेछ ।

### क. तृतीय तहको लागि

१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी

२. साधारण योग्यता (टेष्ट/एस.एल.सी.) को लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र प्रतिलिपी

३. व्यवसायिक योग्यता (कम्तीमा एक शैक्षिक वर्षाको तालीम) को लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र (पूनः परीक्षा दिइ उतिर्ण गरेको भए प्रत्येक सालको लब्धाङ्क पत्र प्रतिलिपी)

४. सम्बन्धीत परिषद बोर्डले प्रदान गरेको ओरिजिनल /प्रोभिजनल प्रमाण पत्र प्रतिलिपी

५. सिप अध्यापन गराउन सक्षम, योग्य जनशक्ति भएको स्तरीय स्वास्थ्य संस्था बाट जारी भएको OJT/Internship गरेका प्रमाण पत्र प्रतिलिपी

६. विदेशी शिक्षण संस्थाबाट उतिर्ण गरेको भए समकक्षताको प्रमाण पत्र प्रतिलिपी

७. दरखास्त दस्तुर रु. ५००। दाखिला गरेको भौचर सक्कलै, तर विदेशमा अध्ययन गरी आउनेको हकमा प्रोसेसिङ र भेरीफिकेसन शुल्क थप रु. २००। र अस्थाई लिनु पर्ने भएमा रु.१००। थप शुल्क लाग्ने ।

### ख. द्वितीय तहको लागि

१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी

२. साधारण योग्यता (एस.एल.सी.) को लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र प्रतिलिपी

३. व्यवसायिक शिक्षा (स्वास्थ्य व्यवसाय संग सम्बन्धीत) प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

४. संबन्धित विश्वविद्यालय/परिषद/बोर्ड बाट प्रदान गरीएको ओरिजिनल/प्रोभिजनल प्रमाण पत्रको प्रतिलिपी

५. व्यवसायिक/प्राविधिक शिक्षाको प्रमाण पत्र तह वा

सो सरहको शैक्षिक योग्यताको लागि भर्ना योग्यता प्रमाण पत्र वा सो सरह (विज्ञान) भएकाहरुको हकमा सो योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

६. सिप अध्यापन गराउन सक्षम, योग्य जनशक्ति भएको स्तरीय स्वास्थ्य संस्था बाट जारी भएको OJT/Internship गरेको प्रमाण पत्र प्रतिलिपी

७. विदेशी शिक्षण संस्थाबाट उतिर्ण गरेको भए समकक्षताको प्रमाण पत्र प्रतिलिपी

८. विदेशी शिक्षण संस्थाबाट उतिर्ण गरेको भए उक्त योग्यताको Curriculum र Prospectus शिक्षण संस्थाको समेत

९. दरखास्त दस्तुर रु. ७००। दाखिला गरेको भौचर सक्कलै, तर विदेशमा अध्ययन गरी आउनेको हकमा प्रोसेसिङ र भेरीफिकेसन शुल्क थप रु. ५००। र अस्थाई लिनु पर्ने भएमा रु.२००। थप शुल्क लाग्ने ।

### ग. प्रथम तहको लागि

१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी

२. साधारण योग्यता (एस.एल.सी.) को लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र प्रतिलिपी

३. प्रमाण पत्र तह वा सो सरह शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

४. व्यवसायिक/ प्राविधि शिक्षाको स्नातक वा सो सरह (स्वास्थ्य व्यवसाय) संग सम्बन्धीत उतिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

५. सम्बन्धीत परिषद बोर्डले प्रदान गरेको ओरिजिनल /प्रोभिजनल प्रमाण पत्र प्रतिलिपी

६. सिप अध्यापन गराउन सक्षम योग्य जनशक्ति भएको स्तरीय स्वास्थ्य संस्था बाट जारी भएको OJT/Internship गरेको प्रमाण पत्र प्रतिलिपी

७. विदेशी शिक्षण संस्थाबाट उतिर्ण गरेको भए समकक्षताको प्रमाण पत्र प्रतिलिपी

८. विदेशी शिक्षण संस्थाबाट उतिर्ण गरेको भए उक्त योग्यताको Curriculum र Prospectus शिक्षण संस्थाको समेत र सम्बन्धित देशको University Grant Commission UGC/ र संबन्धित देशको व्यवसायी परिषदले शिक्षण संस्था र विषय तह मान्यता पत्र

९. दरखास्त दस्तुर रु. १,०००। जम्मा गरेको वैंक दाखिला गरेको भौचर सक्कलै तर विदेशमा अध्ययन गरी आउनेको हकमा प्रोसेसिङ र भेरीफिकेसन शुल्क थप रु. १,०००। र अस्थाई लिनु पर्ने भएमा रु.३००। थप शुल्क लाग्ने ।

१० स्नातकोत्तरको हकमा विषय पिच्छे फरक फरक काइटेरिया हुने ।

### विदेशी नागरीकको दर्खास्त संवन्धि व्यवस्था

विदेशी नागरकिको हकमा उपरोक्त उल्लेख भए अनुसारको कागजपत्र र दरखास्त दस्तुरमा प्रथम, द्वितिय र तृतियका लागी क्रमशः रु.३०००।, रु.२१००। र रु.१५००। सहितको आवेदन गर्नु पर्नेछ र निजहरुलाई एक बर्षको लागि मात्र प्रमाण पत्र दिइने छ ।

### २. दरखास्त उपर जाँचबुझ सम्बन्धी व्यवस्था

क) उपरोक्त बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारबाट आवश्यक जाँचबुझ गर्दा दरखास्त रितपूर्वक पर्नआएको, दरखास्त दस्तुर बुझाएको भौचर संलग्न भएको, शैक्षिक योग्यताको प्रमाण पत्र वा उपाधि मान्यता प्राप्त भएको देखेमा परिषदको सम्बन्धीत विषय समितिमा पेश हुनेछ ।

ख) उपरोक्त बमोजिम रजिष्ट्रारबाट पेश हुन आएको दरखास्त उपर सम्बन्धीत विषय समितिले आवश्यक छानवीन गरी दरखास्त साथ संलग्न शैक्षिक योग्यताको प्रमाण पत्र वा अन्य उपाधि मान्यता प्राप्त हो होइन र नाम दर्ता को लागि माग गरेको विषय संग सम्बन्धीत छ छैन सो समेत विचार गरी नाम दर्ता गरी प्रमाण पत्र दिन उपयूक्त देखेमा आवश्यक सिफरिश सहितको प्रतिवेदन परिषदमा पेश गर्ने छ ।

### ३. नाम दर्ता सम्बन्धी व्यवस्था

क) उपरोक्त बमोजिम पेश हुन आएको विषय समितिको सिफारिश प्रतिवेदन उपयूक्त देखेमा परिषदले नाम दर्ता गर्ने निर्णय गर्ने छ ।

ख) उपरोक्त बमोजिमको परिषदको निर्णय पश्चात दरखास्तवाला स्वास्थ्य व्यवसायको नाम सम्बन्धीत विषय र तहको नाम दर्ता कितावमा दर्ता गरिनेछ ।

ग) उपरोक्त बमोजिम नाम दर्ता भएको स्वास्थ्य व्यवसायीलाई रजिष्ट्रारले अनुसूचीमा उल्लेख भए बमोजिमको नाम दर्ता प्रमाण पत्र जारी गर्ने छन् ।

घ) साधारणतया कुनैपनि स्वास्थ्य व्यवसायीको नाम दर्ता गरी प्रमाण पत्र जारी दरखास्त दर्ता भएको मितिले तीन महिना भित्रमा हुनेछ । असामान्य अवस्था पर्न गएमा केही समय अरु लाग्ने छ ।

## ४. नाम दर्ता नहुने सम्बन्धी व्यवस्था

क) निम्न उल्लेखित सबै वा कुनै एक कारण विद्यमान भएमा सम्बन्धित व्यक्तिको नाम दर्ता हुने छैन

१. दर्खास्त वालाको शैक्षिक योग्यता वा उपाधि स्वास्थ्य व्यवसाय संग संबन्धित नभएमा

२. मुल विषय Core Subject अपुग भएमा

३. परिषदबाट मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन गरेको नपाइएमा

४. स्वास्थ्य व्यवसाय संग सम्बन्धित विषय Distance Education System / Correspondence System / Online System अर्न्तगत उतिर्ण गरेको पाइएमा

५. माथि उल्लेख भएका कागजात पुरै वा कुनै एक संलग्न नभएको पाइएमा

६. परिषदमा नाम दर्ताको लागि दिएको दरखास्त उपर कारवाही हुँदा परिषदले माथि उल्लेख भएको कुनै कारण वा अन्य कारणबस त्यस्तो दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले सम्बन्धीत दरखास्तवालालाई सो को जानकारी दिनेछन् ।

## ५. अध्यावधि संवन्धि व्यवस्था

क) परिषदमा नाम दर्ता भै प्रमाण पत्र जारी भएको मितिले प्रत्येक ५/५ बर्षमा नाम दर्ता अध्यावधि गराउन पर्दछ । सो को लागि नाम दर्ता प्रमाण पत्र जारी भएको ५ वर्ष पूरा भएको ३ महिना भित्र परिषदबाट वितरण गरिने फाराम भरी प्रथम, द्वितीय, तृतीय तहका लागि क्रमशः रु.५००, रु.३५० र रु.२५० दस्तुर जम्मा गरेको बैंक भौचर सक्कलै र नाम दर्ता प्रमाण पत्र पेश गर्नु पर्दछ ।

ख) यसरी प्राप्त हुन आएको प्रमाण पत्रमा रजिष्ट्रारबाट नाम दर्ता अध्यावधि गरेको जनाएर प्रमाण पत्र फिर्ता र अध्यावधी निस्सा दिइने छ ।

ग) नाम दर्ता अध्यावधि नगर्ने स्वास्थ्य व्यवसायीको नाम, नाम दर्ता सुची र परिषद सदस्य निर्वाचन प्रयोजनको मतदाता नामावलीबाट हटाइने छ ।

घ) यसरी नाम हटाइएका स्वास्थ्य व्यवसायीले नाम दर्ता अध्यावधि गराउनु परेमा ५ वर्ष म्याद समाप्त भएको मितिले प्रत्येक सालको १००।- (एक सय) का दरले जरीवाना सहित प्रथम, द्वितिय र तृतिय तह को क्रमशः रु. ५००।, रु.३५०। र रु.२५० ले हुने रकम जम्मा गरेको बैंक भौचर सहित आवेदन गरेमा रजिष्ट्रारले नाम दर्ता अध्यावधि गरेको जनाई सो को निस्सा दिइने छ ।

नाम दर्ताको लागि दरखास्त दिने फारम, नाम दर्ता प्रमाण पत्र, नाम दर्ता किताव, नेपाल स्वास्थ्य व्यवसायी परिषद नियमावली २०५६ को अनुसूचीमा भए अनुसार हुने र अद्यावधी सम्बन्धी फाराम परिषद्बाट वितरण गरे अनुसार हुनेछ ।

स्वास्थ्य व्यवसायीहरुको सेवालाई व्यवस्थित एवं वैज्ञानिक ढंगले परिचालन गर्ने ऐनको मर्मलाई कार्य रुपमा परिणत गर्न स्वास्थ्य क्षेत्रमा प्रवेश गर्ने व्यक्तिहरु योग्य हुनु उत्तिकै आवश्यक छ । किनभने योग्यता तथा क्षमता नभएका व्यक्तिहरुले गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न संभव हुदैन । गुणस्तरिय स्वास्थ्य व्यवसायी उत्पादन हुन उनीहरुलाई पठन पाठन गराउने शिक्षण संस्थाहरु पनि उत्तिकै स्तरिय, योग्य शिक्षक/प्रशिक्षक, भौतिक एवं शैक्षिक पूर्वाधार सम्पन्न हुनु आवश्यक छ । यसै उद्देश्यलाई पुरा गर्न यस परिषदमा नाम दर्ता हुने विभिन्न विषय र तहका स्वास्थ्य व्यवसायी उत्पादन कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुले पालना एवं व्यवस्था गर्नु पर्ने न्यूनतम पूर्वाधार तयार गरी लागु समेत भै सकेको परिप्रेक्ष्यमा माथि उल्लेख भएका प्रकृया पुरा गरी भर्ना सहमती, शैक्षिक कार्यक्रमलाई मान्यता दिने गरीएको छ ।